ISSN NO . 2676–1297

# पर्दाभित्र... उपन्यासमा पात्रविधान

हरिप्रसाद तिमिल्सिना*

***अध्ययनसार***

*प्रस्तुत लेख गङ्गाप्रसाद भेटवालद्वारा लिखित पर्दाभित्र.....उपन्यासमा पात्रहरूको भूमिका र संयोजनमा आधारित छ। उपन्यासमा प्रयुक्त पात्र र तिनको भूमिकाका आधारमा अध्ययन गरी तिनै प्रकारका पात्रहरूको विश्लेषण गरिएको छ। यस उपन्यासमा मुख्य पात्रहरूमा पनि मुख्य भूमिका वसन्ते, ज्योतिषिबाबा र ज्योतिषिआमाका रहेका छन्। पात्र संयोजनको प्रमुख भूमिका निर्वाह गराउन खनाल अङ्कलको भूमिका रहेको छ। यसरी यी चार पात्रको माध्यमबाट कथानकले मुख्य गन्तव्यसम्म पुग्ने संयोग जुराएको छ। यसैगरी सहायक पात्रहरूमा चौथो परिच्छेददेखि पन्ध्रौँ परिच्छेदसम्म आएका पात्रहरू वकिल, पूर्व न्यायाधीश, साहुजी, महिला, सरला, विक्रम, सेवाग्राही, डम्बरध्वज, पिताम्बरजी, तिवारीजी, प्रोफेसर, डाक्टर लगायतका पात्रहरू रहेका छन्। अति गौण पात्रको रूपमा सुन्दर लावती, तुङ्गनाथ उपाध्याय लगायतका पात्रहरू रहेका छन्। यी सबै पात्रहरूको संयोजनबाट पर्दाभित्र... उपन्यास पात्रविधानका दृष्टिकोणबाट उत्कृष्ट उपन्यास रहेको ठहरिन्छ। यो उपन्यासले हाम्रो समाजमा स्वस्थ, शिक्षित, सक्षम युवा पुस्ता पनि रहेका छन् तर तिनीहरू यो समाज बदल्नलाई सक्रिय रूपले अगाडि निक्ली नसकेको अवस्था भएको कारणले वसन्तेको माध्यमबाट ती समस्त युवाहरूलाई देशको चौतर्फी विकास गर्न, संस्कृतिको संरक्षण गर्न र नेपाली पहिचानलाई सुदृढ बनाउन अगाडि आउन आह्वान गरिएको छ भन्ने निष्कर्ष निकालिएको छ।*

**शब्दावली** : व्यवसाय, ग्रहशान्ति, बेचैन, लागुऔषध , इमान्दार।

## १.विषयपरिचय

पर्दाभित्र...उपन्यास (२०८०) गङ्गाप्रसाद भेटवालद्वारा लिखित उपन्यास हो। यो उपन्यासमा मुख्य पात्र एक र अन्य धेरै मुख्य पात्रकै हाराहारीका पात्रहरू छन्। यस उपन्यासमा कथानकको प्रारम्भ नेपालको पूर्वी पहाड पाँचथरबाट सुरु भएको छ। उपन्यासले एउटै कथानकलाई नबोकेर उस्तै उस्तै प्रकृतिका फरक फरक घटनावलीलाई प्रस्तुत गरेको छ। उपन्यासले नेपालका विभिन्न भागबाट काठमाडौँ आएका र आर्थिक हैँसियत बनाएका नवधनाढ्यहरूको जीवन कहानी प्रस्तुत गरको छ। समाजसेवा, राजनीति, व्यापार, कानुन व्यावसाय, न्यायिक क्षेत्र, स्वास्थ्य व्यावसाय, ज्योतिष सेवा, आदिका माध्यमबाट कानुन विपरीत र विकृत कार्य गरी अथाह पैसा कमाएका व्यक्तिहरूको आ-आफ्नै मुखबोलीबाट आ-आफ्ना जीवनमा गरिएका अपराध ओकलाइएको छ। ती सबै पात्रहरूले पहुँच पुऱ्याएर आफ्ना कुकार्यलाई पुरै सेवा अवधिभर दबाएर राखेका छन्। जागिरे जीवन वा आफ्नो पेसाको जीवनबाट अवकाश लिएपछि ती सबै पात्रहरूलाई पश्चाताप भएको छ। त्यो पश्चातापको ज्वाला यतिसम्म बढेको छ कि उनीहरूको जीवन नै तनावग्रस्त बनेको छ। मनको शान्ति हराएको छ। शान्तिको खोजीमा ज्योतिषिकोमा पुगी ग्रहशान्ति गर्नुपर्ने स्थितिमा ती पात्र पुगेका छन् तर उपन्यासमा ग्रहशान्ति गरिदिने ज्योतिषि नै अन्त्यमा नक्कली ठहरिन्छ र ऊ लागूपदार्थको सेवनकर्ता तथा व्यापारी पनि देखिन्छ। उक्त ज्योतिषि प्रहरी फन्दामा पर्छ र पुर्पक्षमा रहेको बेलामा शौचालयमा गएर आत्महत्या गर्छ। बाह्र कक्षा पाँचथरबाट पास गरेको एक युवक गाउँमा उच्च शिक्षा हासिल गर्ने ठाउँ नभए पछि उच्च शिक्षाका लागि उचित अवसरको खोजी गर्दै पाँचथरबाट अवसरको खोजी गर्दै झापा हुँदै काठमाडौँ आई पुग्छ। त्यो युवकलाई काठमाडौँ आएर आफ्नो अध्ययन पूरा गर्ने सहज वातावरण उपन्यासमा छ। उक्त युवकको सानैमा आमा मरेको कारणले ऊ आमाको मायाबाट विमुख भएपनि

* लेखक प्राध्यापनका साथै भाषा वाङ्मयका क्षेत्रमा अनुसन्धानरत छन्।

ज्ञानी र अनुशासित देखिन्छ। उक्त युवकको मितबुबा ज्योतिष भएकाले मितबुबाले उसलाई काठमाडौँमा एकदमै सहज वातावरणमा बस्ने, जागिर खाने र पढ्ने व्यावस्था गरेको छ।

पर्दाभित्र....उपन्यास सत्र परिच्छेदमा समेटिएको छ। हरेक परिच्छेमा नयाँ नयाँ पात्रको उपस्थिति भएपनि वसन्ते पात्र शुरूदेखि अन्तिमसम्म छ। उक्त युवकलाई सम्पूर्ण नेपालको विकृति विसङ्गतिको जानकारी गराइएको छ। उचित शिक्षादिक्षा दिइएको छ। नेपाली संस्कार संस्कृतिको पूर्ण ज्ञान दिइएको छ।

नेपालको तात्कालिक समाज विकृति तथा विसङ्गतिका कारण कुरूप बन्न पुगेको छ। त्यही विकृति तथा विसङ्गति विरुद्ध लड्न स्वस्थ र शिक्षित युवा पुस्ता तयार हुनुपर्छ र देशको विकास गरिनु पर्छ भन्ने उपन्यासको सार देखिन्छ। शिक्षित युवा संस्कृतिको विकासको निम्ति सक्रिय नभएका कारण तिनीहरूलाई देशसेवामा जुट्न प्रतिज्ञा गराइएको छ। उपन्यासमा आएका पात्रहरूमध्ये भूमिकाको आधारमा मुख्य पात्र, सहायक पात्र र गौण पात्र गरी यो लेखमा अध्ययन विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ। पर्दाभित्र उपन्यासमा पात्रविधानको अध्ययन विश्लेषण पात्रको गतिशीलता, कार्य व्यापार तथा तिनीहरूको भूमिका समेतको अध्ययन गरी त्यसको निष्कर्षसमेत प्रस्तुत गरिएको छ। कथानक तथा परिवेशलाई उपन्यासमा आएका पात्रले जीवन्तता दिएको कारणबाट पात्रविधानका कोणबाट यस लेखमा अध्ययन गरिएको छ।

**२.विश्लेषणको सैद्धान्तिक आधार**

उपन्यासमा पात्रविधान भन्नाले उपन्यासमा आएका पात्रहरूको व्यवस्थापनलाई बुझिन्छ। पूर्वीय चिन्तकहरू भरतलगायतका विद्वान्हरूले नायकलाई धीरोद्धत्त, धीरललित, धीरोदात्त र धीरप्रशान्त गरी चार प्रकारमा वर्गीकरण गरेको पाइन्छ र नायिकालाई दिव्या, नृप, पत्नी, कुलश्री र गणिका गरी चार प्रकारमा वर्गीकरण गरेको पाइन्छ। यसैगरी पाश्चात्य साहित्यमा अरिस्टोटलले दुखान्तका सन्दर्भमा पात्रलाई असल र खराब भनी दुई वर्गमा विभाजन गरेको देखिन्छ।

उपन्यासमा कथानकलाई पात्रको माध्यमबाट निरन्तर अगाडि बढाएर कृतिले भन्न खोजेको तथा व्यक्त गर्न खोजेको सन्देश पाठकको बीचमा पुग्दछ। पात्रलाई चरित्र पनि भन्ने गरिन्छ। उपन्यासमा कथानकले लामो शृङ्खला बोक्ने हुनाले धेरै पात्रहरू अथवा कुनै मुख्य पात्रका विशेष सन्दर्भहरू लिएर अगाडि बढेर जाने हुन्छ। उपन्यासमा आएका पात्रहरू कुनै गतिशील हुन्छन् र कुनै गतिहीन हुन्छन्। कुनै यथार्थ र आदर्शवादी हुन्छन्। कुनै चरित्र अन्तर्मुखी अथवा वैरमुखी हुन्छन्। यसैगरी पात्रहरूलाई गोला र च्याप्टा पात्रका रूपमा राखेर पनि अध्ययन गर्न सकिन्छ। कतै पात्रहरूलाई सार्वभौम पात्र र आञ्चलिक पात्रको रूपमा अध्ययन गर्न सकिन्छ। कतिपय अवस्थामा पात्रहरू पारम्परिक हुन्छन् भने कतिपय अवस्थामा मौलिक पात्रहरूको पनि उपन्यासले व्यवस्थापन गरेर कथानकलाई अगाडि बढाएको हुन्छ। पात्रलाई अन्य आधारबाट पनि हेर्न सकिन्छ। लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता यी विविध प्रकारबाट पात्रलाई हेर्न सकिन्छ। उपन्यासका घटनाहरूसँग सम्बद्ध व्यक्तिलाई पात्र भनिन्छ उपन्यासमा विभिन्न किसिमका पात्रहरू आएका हुन्छन् उपन्यासकारले विभिन्न उमेर, लिङ्ग, स्वभाव र प्रवृत्तिका आधारमा पात्रहरूको प्रयोग गरेको हुन्छ। तिनका आफ्ना भूमिका हुन्छन्। आख्यान साहित्यमा पात्रको रचना प्रयोग वा व्यवस्थापनलाई पात्र विधान भनिन्छ। पात्रहरूलाई देखाउने ढङ्ग नै चरित्र चित्रण हो (शर्मा, २०४८, पृ.३९)। कृतिमा प्रयुक्त व्यक्ति पात्र वा चरित्रलाई सहभागी भनिन्छ (लुइटेल,२०६३, पृ.४४)। पात्रले उपन्यासलाई अगाडि बढाउँछ, उपन्यासको गति निर्धारण गर्दछ, पात्र उपन्यासका लागि अति आवश्यक तत्त्व हो। पात्र बिना कुनै पनि उपन्यास अगाडि बढ्नै सक्दैन। त्यसैले पात्रको भूमिका उपन्यासमा महत्त्वपूर्ण रहन्छ।

पात्रविधान पद्धतिका सम्बन्धमा पनि विभिन्न अवधारणा पाइन्छन्। पात्रको अध्ययन विश्लेषणका पद्धतिहरूमा खगेन्द्रप्रसाद लुइटेलले वर्णनात्मक पद्धति, नाटकीय पद्धति र प्रतिनिधिमूलक पद्धति भनेर तीन पद्धति प्रस्तुत गरेका छन् (लुइटेल, २०६३,पृ.४८)। पात्रविधान अध्ययन विश्लेषण लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आसन्नता, आबद्धता आदिका आधारमा पात्रको वर्गीकरण गरी अध्ययन गरेको पाइन्छ। विश्लेषणका आधार धेरै भए तापनि प्रस्तुत

लेखमा भूमिकाको दृष्टिकोणबाट पात्रहरूको अध्ययन विश्लेषण गरिएको छ। पात्रहरूको भूमिकाको आधारबाट विश्लेषण गर्दा मुख्य पात्र, सहायक पात्र र गौणपात्र गरी यी तीन कोणबाट विश्लेषण गरिएको छ। यसैगरी लिङ्गगत रूपमा विश्लेषण गर्दा पुरुष पात्र र नारी पात्र भनी अध्ययन विश्लेषण गरिएको छ र नैतिक दृष्टिकोणबाट हेर्दा नैतिक पात्र र अनैतिक पात्र भनी अध्ययन विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### ३. भूमिकाको दृष्टिकोणबाट पात्रहरूको अध्ययन

उपन्यासको अध्ययन गर्दा पात्रहरूको भूमिकाको आधारमा पनि तिनीहरूलाई अध्ययन विश्लेषण गर्न सकिन्छ। पात्रहरूलाई भूमिकाका आधारमा अध्ययन गर्न सजिलो होस् भनेर यो अध्ययन कार्यमा तीन प्रकारले पात्रहरूको वर्गीकरण गरी अध्ययन विश्लेषण गरिएको छ। भूमिकाको आधारमा पात्रहरूको वर्गीकरण गर्दा मुख्य पात्र, सहायक पात्र र गौणपात्र गरी तीन प्रकारमा वर्गीकरण गरी अध्ययन गरिएको छ। भूमिकाको आधारमा पात्रहरूको विश्लेषण निम्नलिखित रूपमा गरिएको छ :

#### मुख्य पात्र

प्रस्तुत उपन्यासमा पात्रहरूको भूमिकाको आधारमा अध्ययन गर्दा उपन्यासमा दुई परिच्छेदमा भन्दा माथि भूमिका देखिएका पात्रहरूलाई मुख्य पात्रको रूपमा राखेर अध्ययन विश्लेषण गरिएको छ। यसरी *पर्दाभित्र...* उपन्यासमा आएका पात्रहरूको अध्ययन गर्दा उपन्यासमा दुई परिच्छेदमा भन्दा माथि भूमिका हुने पात्र चार जना मात्र देखिएका छन्। वसन्ते र ज्योतिषबाबा र खनाल अङ्कल। यसरी मुख्य पात्रको रूपमा चारजना पात्रहरूलाई यस उपन्यासले स्थान दिएको देखिन्छ। उपन्यासमा आएका मुख्य पात्रहरूलाई पनि यस प्रकारले अध्ययन गर्न सकिन्छ :

#### क) वसन्ते

उपन्यासको संरचना सत्र परिच्छेदमा निर्धारण भएको छ। यी सबै परिच्छेदमा वसन्ते पात्रको भूमिका छ यस उपन्यासको मुख्य पात्र अथवा नायक नै वसन्ते रहेको देखिन्छ। कथानकको प्रारम्भ हुँदा वसन्तेबाटै प्रारम्भ भएको छ। परिच्छेद एकमा अनि हरेक परिच्छेदमा वसन्तेको भूमिका मुख्य रूपमा रहेको देखिन्छ। अन्तिम परिच्छेदमा वसन्तेलाई यो देशको विकासमा लाग्न, संस्कृति संरक्षण अभियानमा लाग्न आमाको माध्यमबाट प्रतिबद्धता व्यक्त गराइएको छ। वसन्तेलाई वर्तमान पुस्ताको समग्र युवा पुस्ताको प्रतिनिधित्व मानेर उपन्यासमा प्रस्तुत गरिएको छ। वसन्तेलाई गाउँबाट शहरसम्मको यात्रा गराउन उपन्यासमा सहज वातावरण निर्माण गरिएको छ। वसन्तेले काठमाडौँ जस्तो ठुलो शहरमा पनि सजिलै उच्च शिक्षा आर्जन गर्ने अवसर पाएको छ। यो अवसर दिलाउन अर्का पात्र ज्योतिष बाबाले महत्त्वपूर्ण भूमिका निर्वाह गरेको देखिन्छ। वसन्तेकी आमा ऊ सानो हुँदै बितेकी हुन्छिन्। वसन्तेले बाह्र कक्षासम्मको अध्ययन गाउँबाटै गर्छ र उच्च शिक्षाका लागि ऊ शहर पुग्छ। शहरमा पुगेर उसले उच्च शिक्षा आर्जन गर्छ। स्नातकोत्तर तहसम्मको पढाइ उत्कृष्ट ढङ्गबाट पूरा गर्छ। शहरमा भेटिने हरेक कुसङ्गतबाट ऊ जोगिएको छ। उसलाई नेपाली संस्कृतिको सही ढङ्गले ज्ञान दिइएको छ। हरेक दुर्व्यसनीबाट ऊ जोगिन पुगेको देखिन्छ। उसले औपचारिक शिक्षा र अनौपचारिक शिक्षा दुवैलाई यो काठमाडौँ शहरमा बसेर ग्रहण गरेको देखिएको छ। वसन्ते गाउँबाट शहर आएको छ। शहरमा आएर राम्रो ढङ्गले उच्च शिक्षा आर्जन गरेको छ र देशको निर्माणमा देश विकासमा संस्कृति बचाउने अभियानमा उसले अब लाग्ने प्रतिबद्धता गरेको छ। सुरुदेखि अन्तिमसम्म उसको भूमिका यो उपन्यासमा रहेको देखिन्छ। यसरी भूमिकाको आधारमा भन्ने हो भने वसन्तेको भूमिका उपन्यासमा शतप्रतिशत रहेको छ। भूमिकाको आधारले ऊ नै यो उपन्यासको मुख्य पात्र हो। वसन्तले उपन्यासमा आएका सबै सहायक पात्रहरूको जीवन भोगाइको वस्तुस्थिति जानकारी लिँदै आफूलाई स्वस्थ, सक्षम र देश सेवामा लाग्न सक्ने युवाको रूपमा विकास गरेको छ।

**ख) ज्योतिषिबाबा**

यस उपन्यासभित्र भूमिकाको आधारमा सबैभन्दा बढी भूमिका वसन्तेको रहेको छ भने दोस्रो स्थानमा भूमिका हुने पात्र ज्योतिषीबाबा रहेका छन् । उपन्यासमा ज्योतिषीबाबाको उपस्थिति तेस्रो परिच्छेददेखि सुरु भएर सोह्रौं परिच्छेदसम्म रहेको देखिन्छ। हुन त सूच्य पात्रको रूपमा पहिलो र दोस्रो परिच्छेदमा पनि ज्योतिषीबाबाको उपस्थिति छ र अन्तिम परिच्छेदमा पनि केही न केही सूच्य रूपमा उपस्थिति रहेको पाइन्छ। ज्योतिषीबाबाको जन्म पाँचथरमा भएको र उनलाई आफ्ना बाबाले शिक्षादिक्षा आर्जन गर्न गुरुकुलीय शिक्षा केन्द्र बनारसमा पुऱ्याएको देखिन्छ र यिनले प्रारम्भिक तहको अध्ययन बनारसबाट प्राप्त गरेको उपन्यासमा देखिन्छ। तत्कालीन समयमा नेपालबाट शिक्षा आर्जन गर्नको लागि बनारस जाने परिपाटी रहेको र सोही परिपाटीलाई पछ्याउँदै ज्योतिषीबाबालाई पनि उनका बुबाले धेरै पढ्न सकोस् भनेर बनारस पठाएको देखिन्छ तर ज्योतिषीबाबाले प्राथमिक तहको पढाइ मात्रै बनारसमा राम्रोसँग गरेको देखिन्छ। ज्योतिषीबाबाले बनारसमा उच्च शिक्षा भने राम्रोसँग गर्न सकेको देखिँदैन। उनले उच्च शिक्षा अध्ययन गर्ने समयमा बनारसको खराब सङ्गत पाई आफ्नो पढाइ बिगारेको देखिन्छ। बनारसमा पढ्ने क्रममा यिनको विवाह नेपालबाट गएको परिवारका सदस्यको एक छोरीसँग हुन पुगेको देखिन्छ। यिनलाई यिनका ससुरालीले ज्वाइँ नबिग्रिउन् भनेर नेपाल जान सल्लाह दिन्छन् र काठमाडौँमा बसोबास गर्नको निम्ति सजिलो होस् भनेर केही जग्गा समेत किनेर उनलाई काठमाडौँ पठाउँछन् । ज्योतिषिबाबाले बनारसमा ज्योतिष शिक्षाको पूर्ण अध्ययन गरिनसके पनि यिनले नक्कली सर्टिफिकेटहरू बनाएर ज्योतिषी कै रूपमा आफूलाई स्थापित गरी गौरीघाट क्षेत्रमा कहलिएको ज्योतिषीको रूपमा बसी सेवाग्राहीलाई सेवा दिएको देखिन्छन् । ज्योतिषिबाबाले महँगो फि लिएर आफ्ना सेवाग्राहीहरूलाई सेवा प्रदान गरेको देखिन्छ। हुन त यी ज्योतिषिबाबाकोमा सेवा लिन आउनेहरू मध्ये अधिकांश समाजका उच्च तहका व्यक्तिहरू देखिन्छन् । तिनीहरूले जीवनभर कुकर्म गरेर, राज्य लुटेर, अपराध गरेर अथाह सम्पत्ति कमाएको, मानवताको धर्म समेत बिर्सिएर मानवहित विरोधी काम गरेकोले जीवनको उत्तरार्ध चरणमा पश्चातापको आगोमा भत्भती जलेको देखिन्छ। आफ्नो मनको जलनलाई शान्त पार्न शान्तिको खोजीमा ग्रहशान्ति गर्न ती सेवाग्राहीहरू ज्योतिषिबाबाकोमा आएको देखिन्छ। तिनीहरूको अवस्थाको फाइदा उठाएर ज्योतिषिबाबाले पनि महँगो फि लिएर ग्रह शान्ति गरिदिने गरेको उपन्यासमा छ। यसैगरी कोही दिनहीन गरिब उनकोमा सेवा लिन आएमा उनले उदारता देखाउँदै एकदमै न्यून फिलिएर पनि सेवा गरेको देखिन्छ। यिनले वसन्तेलाई काठमाडौँमा आफ्नै छोरो जस्तो व्यवहार गरेर आफ्नै सेवा केन्द्रमा जागिर दिँदै उचित शिक्षा दिक्षा र खानपानको प्रबन्ध गरी शिक्षित र परिपक्व युवाको रूपमा तयार गरेको देखिन्छ। यिनी जीवनमा परिस्थिति र परिबन्धका कारण कुलतमा फसेको पनि देखाइएको छ। यिनको भूमिका भित्रभित्रै लागूपदार्थको कारोबारी,जाली नोटहरू ओसारपसारमा संलग्न व्यक्ति र सुनको तस्करी गर्ने मतियारको रूपमा पनि रहेको देखिन्छ। उपन्यासको १६औं परिच्छेदमा यिनी प्रहरी हिरासतमा पुगेको देखिन्छ। यिनले भित्रभित्रै लागू पदार्थको कारोबार लगायत अनेकौं दुई नम्बरी सामानको कारोबार पनि गरेको कुरा प्रहरीले थाहा पाइसकेपछि हिरासतमा यिनी पुग्छन् र लागू पदार्थ सम्बन्धी तत्कालीन कठोर कानुनको कारणले अब कानुनको पञ्जाबाट बाहिर निस्किन सकिँदैन भन्ने निर्क्यौल गरी आजीवन कैद बस्नु भन्दा जेलभित्रै मृत्युवरण गर्नु उपयुक्त ठानी यिनले ट्वाइलेटमा गएर आफ्नै कपडा च्यातेर पासो बनाई आत्महत्या गरी आफ्नो भूमिका उपन्यासमा समाप्त गरेको देखिन्छ। व्यावहारिक रूपले यिनी कुलतको दलदलमा फसे पनि मनमा हरि भन्ने कुरा केही रहिरहेको हुनाले उनले वसन्तेलाई निस्कलङ्क, शिक्षित र सक्षम युवाको रूपमा तयार गरी यो समाजलाई आदर्श शिक्षा दिन सक्ने पात्र तयार गरेको उपन्यासमा देखिन्छ। यिनले आफ्ना दुई छोरालाई उच्च शिक्षा आर्जन गर्न विदेश पठाएका तर छोराहरू भने कहिल्यै स्वदेश नआएको अवस्था देखिन्छ। यिनको श्रीमतीसँगको सम्बन्ध देख्दा असल तर भित्रभित्रै केही खटपट भएको पनि देखिन्छ। श्रीमान्‌श्रीमतीले राख्नुपर्ने, निर्वाह गर्नुपर्ने सम्बन्ध र भूमिकाको सम्बन्धमा भने दुवै सफल नै रहेको उपन्यासमा देखिएको छ। भूमिकाको हिसाबले यस उपन्यासमा वसन्तेपछि को भूमिका अथवा दोस्रो नम्बरको भूमिका यिनै ज्योतिषीबाबाको रहेको देखिन्छ। सम्बन्धका हिसाबले उपन्यासमा उनी वसन्तेका मितबाबाका रूपमा रहेका छन् ।

**ग) ज्योतिषिआमा**

प्रस्तुत उपन्यासमा ज्योतिषीआमाको नाम कतै खुलाइएको छैन। उनलाई मुख्य पात्र वसन्तेले ज्योतिषीआमा भनेपनि आफ्नै आमा सर मानेको छ। ज्योतिषीआमाले पनि आफ्ना छोराहरू घरबाट टाढा गई कहिल्यै नफर्किएको कारण छोराको माया र स्नेह वसन्तेलाई प्रदान गरेको देखिन्छ। सानैमा आमा घुमाएको पात्र वसन्ते ज्योतिषीआमाको शरणमा पुग्दा आफू धन्य भएको, आमाको माया पाएको ठानी आफूलाई भाग्यमानी भएको महसुस गरेको उपन्यासमा देखिएको छ। उपन्यासमा ज्योतिषीआमाको भूमिका परिच्छेद तीनबाट प्रारम्भ भएर सत्रौँ परिच्छेदसम्म रहेको देखिन्छ। यिनले मुख्य पात्रहरू वसन्ते र ज्योतिषीबाबाको काममा सहयोगी भूमिका निर्वाह गरेको देखिन्छ। उपन्यासमा यिनी असल पात्रको रूपमा देखिएकी छिन्। यिनले खराब कामलाई प्रोत्साहन नगरेको देखिन्छ। ज्योतिषीआमाको जन्म बनारसमा भएको ज्योतिषीबाबासँगको विवाह बनारसमै भएको र विवाह पश्चात यिनी काठमाडौँ गौरीघाटमा आई बसेको देखिन्छ। जीवनको उत्तरार्ध चरणमा आफ्ना पति ज्योतिषीबाबा हरिनारायणको निधन पश्चात एक्लोपन महसुस नहोस् भनेर यिनको विवाह वसन्तेका जन्मदाता बुबासँग विवाह भएको छ। यो विवाहले बुढेसकालमा आफ्ना सुख दुख साट्न साथी चाहिन्छ भन्ने कुराको सङ्केत गरेको पनि छ। ज्योतिषीआमाले समस्त नेपाली आमाहरूको प्रतिनिधित्व गर्दै सक्षम युवा पुस्ताहरूलाई आफूसँग भएको ज्ञान, सिप, क्षमता, जोश, जाँगर देश निर्माणमा लगाउनुपर्छ भनेर उत्प्रेरणा दिएकी छन्। अहिलेका धेरै नेपाली युवाहरू शिक्षित स्वस्थ र सक्षम अवस्थामा रहेका तर तिनीहरू सक्रिय रूपले देशको चौतर्फी विकास निर्माणमा नलागेको हुनाले देशको विकास हुन नसकेको, देशको संस्कृति मासिदै गएको देखिएको हुनाले ती स्वस्थ, शिक्षित र सक्षम युवालाई देश निर्माणमा अघि सर्न आमाले आह्वान गरेकी छन् र वसन्ते पात्रको माध्यमबाट युवाहरू पनि अब देश निर्माणमा जुट्ने सङ्केत उपन्यासमा छ। यसरी उपन्यासमा भूमिकाको हिसाबले वसन्ते त्यसपछि ज्योतिषीबाबा र त्यसपछि ज्योतिषीआमा तेस्रो नम्बरमा रहेकी छन्। उनले उपन्यासमा निर्वाह गरेको भूमिका उपन्यासलाई न्याय प्रदान गर्ने खालको देखिन्छ।

**घ) खनाल अङ्कल**

प्रस्तुत उपन्यासमा खनाल अङ्कलको भूमिका तीन परिच्छेदमा रहेको छ। तेस्रो परिच्छेद, सोह्रौँ परिच्छेद र सत्रौँ परिच्छेदमा खनाल अङ्कलको भूमिका देखिएको छ। मुख्य पात्र वसन्तेलाई संकट पर्दाखेरि संकटमोचकको रूपमा खनाल अङ्कलको भूमिका देखिएको छ। उनले वसन्तेलाई काठमाडौँमा सुरुवाती दिनमा बस्न सजिलो हुनेगरी ज्योतिषिबाबा हरिनारायणकोमा पुऱ्याएर सहज वातावरणको निर्माण गरेका छन्। त्यसैगरी सोह्रौँ परिछेदमा जब ज्योतिषिबाबा प्रहरी हिरासतमा पुग्छन् तब वसन्तेलाई खनाल अङ्कलको सल्लाह आवश्यकता पर्छ र खनाल अङ्कल पनि सल्लाह प्रदान गर्न उपस्थित भएका छन्। जब ज्योतिषिबाबा सोह्रौँ परिच्छेदमा गएर प्रहरी हिरासतमा पुग्छन् त्यतिखेर पनि वसन्ते र ज्योतिषिआमालाई सल्लाह खनाल अङ्कलले प्रदान गरेका छन्। ज्योतिषिबाबाको निधन पश्चात पनि वसन्ते र ज्योतिषिआमालाई सल्लाह दिन सोह्रौँ र सत्रौं परिछेदमा खनाल अङ्कलको उपस्थिति रहेको छ। उपन्यासमा कथानकलाई अगाडि बढाउन उनको भूमिका सहयोगी देखिएको छ।

**सहायक पात्र**

सहायक पात्रअन्तर्गत कुनै एक परिच्छेदमा मुख्य पात्रकै हाराहारीमा भूमिका निर्वाह भएका पात्रलाई सहायक पात्रका रूपमा प्रस्तुत गरिएको छ। उपन्यासमा आएका सहायक पात्रहरूमा वकिल, पूर्व न्यायाधीस, साहुजी, महिला, सरला, विक्रम, सेवाग्राही, डम्बरध्वज, पिताम्बरजी, तिवारीजी, प्रोफेसर र डाक्टर रहेका छन्। यी सबै सहायक पात्रहरू आफू उपस्थित भएका परिच्छेदमा मुख्य पात्रको रूपमा प्रस्तुत भएका छन् तर यिनीहरूको भूमिका अर्को परिच्छेदमा गएर नभएको हुनाले यिनीहरूलाई सहायक पात्रको रूपमा राखेर अध्ययन गरिएको छ। यिनीहरू उपस्थित भएका परिच्छेदका भने यिनीहरू मुख्य पात्र सरह रहेका छन् तर उपन्यासको समग्र कथामा यिनीहरूको भूमिका सीमित रहेको देखिन्छ। यी सहायक पात्रहरूको भूमिकालाई सङ्क्षिप्त रूपमा यसरी हेर्न सकिन्छ :

**क) वकिल**

उपन्यास विभिन्न घटनावलीमा आधारित भएको हुनाले यो उपन्यासमा विभिन्न शृङ्खलाबद्ध घटनाहरू आएका छन्। चौँथो परिच्छेदमा वकिलको भूमिका रहेको छ। वकिलले जीवनभर आफ्नो पहुँचको भरमा गलत कार्य गरेर अकुत सम्पत्ति कमाएको, विकृतिपूर्ण काम गरेको, धेरै आफ्नै सहकर्मीहरूसँग नाजायज सम्बन्ध कायम गरेको आदि कारणले जीवनको उत्तरार्ध चरणमा उसले पश्चाताप भोग्नु परेको छ। उसको मन पश्चातापको ज्वालामा जलेको छ र त्यो ज्वाला शान्त गर्न ज्योतिषको शरणमा आएको छ। उसले कानुन व्यवसायको क्षेत्रमा हुने र हुनसक्ने विकृतिपूर्ण कामको पर्दाफास गरेको छ।

**ख) पूर्व न्यायाधिस**

उपन्यासको पाँचौं परिच्छेदमा पूर्व न्यायाधीसको भूमिका रहेको छ। ऊ न्याय सेवामा छिर्दा सामान्य मनस्थिति तथा इमान्दारिता बोकेर प्रवेश गरे पनि न्यायालयमा जागिरेको रूपमा प्रवेश गरेपछि न्यायाधीसको रूपमा जिल्ला पुनरावेदन हुँदै सर्वोच्चमा आइपुग्दासम्म विभिन्न किसिमका अपराधिक कार्यमा संलग्न भएको देखिन्छ। न्याय सम्पादन गर्ने क्रममा आर्थिक अनियमितता, यौनशोषण, यौन दुराचार गर्दै आएको र जागिरबाट अवकाश पाइसकेपछि उसको आत्मा पश्चातापको आगोमा जलेको देखिएको छ र मनको जलन शान्त गर्न ज्योतिषिबाबाकोमा आएको छ पूर्व न्यायाधीशको माध्यमबाट न्याय क्षेत्रका विकृति र न्याय क्षेत्रमा हुन सक्ने विकृतिहरूको पर्दाफास गरिएको छ। पूर्व न्यायाधीशको भूमिका यही परिच्छेदमा सीमित रहेको छ।

**ग) साहुजी**

साहुजीको भूमिकामा एकजना व्यापारीलाई प्रस्तुत गरिएको छ। जसको तीन पुस्तादेखि नेपालमा व्यापारिक साइनो रहेको देखिन्छ। ऊ भन्दा अगाडिको पुस्ताले ठिक ठिकै ढङ्गले व्यापार व्यावसाय गरेर आएको देखिन्छ भने उसले राजासँग ठुलो परिणामको रकम लगानीका लागि लिएर व्यापार गरेको र व्यापार गर्दागर्दै राजपरिवारको सबै सदस्यको मृत्यु भइसकेपछि त्यो पैसा बुझाउने ठाउँ उसले भेट्दैन। त्यसपछि एकाएक त्यो साहुजीको परिवार र उनीहरूको व्यापारिक समूह धनाढ्यको सूचीमा उक्लन पुग्छ। व्यापारीहरूले राजनीतिलाई कसरी प्रयोग गर्छन् भन्ने कुराको सङ्केत उपन्यासको छैटौं परिच्छेदमा साहुजी पात्रको माध्यमबाट व्यक्त भएको छ। नेपाली राजनीति र व्यापारिक जगत्को नमुना यो परिच्छेदबाट बुझ्न सकिन्छ। साहुजी यस परिच्छेदको मुख्य पात्रको रूपमा रहेको देखिए तापनि समग्र उपन्यासको कथानकमा अन्यत्र उसको भूमिका नभएको हुनाले साहुजीलाई यस उपन्यासको सहायक पात्रको रूपमा रहेको मान्न सकिन्छ।

**घ) महिला**

प्रस्तुत उपन्यासको सातौं परिच्छेदमा अर्को घटनावली आएको छ। जहाँ महिला राजनीतिकर्मीको कथा समेटिएको छ। एक महिलालाई पात्र बनाइएको छ तर नाम खुलाइएको छैन। ती महिला राजनीतिज्ञको रूपमा प्रस्तुत भएकी छन्। उनको जाजरकोटदेखि धनगढी हुँदै काठमाडौँसम्मको आवागमनलाई प्रस्तुत गरिएको छ। पहाडदेखि मधेस अनि काठमाडौँसम्म आउँदा महिलाले भोग्नुपर्ने समस्या, विद्या आर्जन गर्ने सिलसिलामा भोग्नुपर्ने समस्या र महिला राजनीतिज्ञले भोग्नुपर्ने समस्याहरूको जीवन्त चित्रण यो परिच्छेदमा प्रस्तुत गरिएको छ। यो परिच्छेदको सम्बन्ध अन्य भागसँग नरहेको हुनाले ती महिलालाई यो उपन्यासको सहायक पात्रको रूपमा राखेर यहाँ अध्ययन गरिएको छ। ती सहायक पात्रको रूपमा रहेकी देखिन्छिन्।

**ङ) सरला**

उपन्यासको आठौँ परिच्छेदमा सरलाको भूमिका देखिएको छ। सरला र सरलाको परिवार नुवाकोटबाट काठमाडौँ आएर जीविकोपार्जन गर्ने निम्नवर्गीय पात्रको रूपमा देखिएको छ निम्नवर्गका मानिसहरूलाई जीविकोपार्जन गर्न

कतिको गाह्रो छ भन्ने कुराको दृष्टान्त सरला पात्रको माध्यमबाट व्यक्त भएको छ। सरला गरिब नेपाली अभिभावक भएपनि आफ्नो सन्ततिलाई उच्च शिक्षा अध्ययन गर्न अस्ट्रेलिया पठाउने क्रममा लागि परेकी र सोही क्रममा मिटर ब्याजीको फन्दामा परेर पतिलाई जेल बस्नुपर्ने अवस्थामा पुगेकी पात्रको रूपमा देखिएको छ। सरलाको परिवार गरिब भएकै कारणले गर्दा परिवारका सदस्यहरूले समयमा उचित स्वास्थ्य उपचार पनि नपाएको घटना यो परिच्छेदमा व्यक्त भएको छ। सरलाको भूमिका यो परिच्छेदमा मुख्य देखिएको र अन्य परिच्छेदसँग सम्बन्ध नभएको कारणले सरलालाई सहायक पात्रको रूपमा राखिएको छ।

**च) विक्रम**

विक्रम अर्को युवा पात्रको रूपमा नवौँ परिच्छेदमा आएको छ। उसको बसोबास पूर्वी नेपालको मोरङ जिल्लामा रहेको देखिन्छ। तत्कालीन समयमा देशमा चलेको राजनीतिक आन्दोलनको कारणले गर्दा हिंसा भड्किएको कारणबाट जिउ जोगाउनको निम्ति पनि भारत प्रवेश गरेको देखिन्छ। विक्रम भारतमा रहेको बेला यता परिवारका सदस्यहरू माथि तत्कालीन समयले, आन्दोलनले, राजनीतिले अन्याय थोपरेको देखिन्छ। ऊ भागीभागी भारतका धेरै शहरमा बसेको देखिन्छ। अन्तिममा उसको बुबाको नाममा आन्दोलनकारीहरूले राखेको सम्पत्ति हत्याउन विक्रमले आफ्ना बुबाको समेत हत्या गर्न पुगेको देखिन्छ र जीवनमा भएको अपराध बोधको कारण उसको मन जलेको देखिन्छ। आफूले गरेको अपराधबाट उन्मुक्ति पाउन ऊ ज्योतिषिकोमा ग्रह शान्ति गर्न पुगेको देखिन्छ। उसको भूमिका पनि यही परिच्छेदमा सीमित भएको हुनाले उसलाई यस उपन्यासको सहायक पात्रको रूपमा राख्न सकिन्छ।

**छ) सेवाग्राही**

उपन्यासको दशौँ परिच्छेदमा आएको मुख्य पात्र सेवाग्राही रहेको देखिन्छ। ऊ प्युठान जिल्लामा होटल व्यवसाय गरी जीवनको प्रारम्भिक दिन प्रारम्भ गरी काठमाडौँमा आएर उत्तरार्ध चरणको जीवन बाँचिरहेको हुन्छ। उसले तत्कालीन समयमा आन्दोलनकारीहरूले बैंक लुटेको पैसा आफ्नो बनाउने क्रममा आफ्नै श्रीमती र छोरोलाई मारी काठमाडौँमा नयाँ घर जम गरेर बसेको हुन्छ। ऊ पनि आफूले गरेका अपराधहरूबाट जलेको कारणले त्यो रापलाई शान्त बनाउन ज्योतिषिकोमा ग्रहशान्ति गर्न आएको पात्रको रूपमा देखिएको छ। मुलुक जलेको बेला अपराध गरेर आफ्नै परिवारका सदस्यहरू मारी अकुत सम्पत्ति कुम्ल्याउने पात्रको रूपमा सेवाग्राहीलाई यो परिच्छेदमा प्रस्तुत गरेर अपराधी कार्यको पर्दाफास गरिएको छ। यो सेवाग्राहीलाई उपन्यासको यही परिच्छेदमा सीमित गरिएकोले उसलाई सहायक पात्रको रूपमा रहेको मान्न सकिन्छ।

**ज) डम्बरध्वज**

डम्बरध्वजको भूमिका प्रस्तुत उपन्यासको एघारौँ परिच्छेदमा आएको छ। डम्बरध्वज राजनीति गर्ने मान्छे हो। नेपालको राजनीति नेपालको राजनीतिक पार्टीहरू र अपराधिक व्यक्तिहरूको सम्बन्ध यस परिच्छेदमा व्यक्त भएको छ। नेपालको राजनीति गर्ने पात्रको रूपमा ऊ देखिएको छ। नेताहरूले आर्थिक चलखेल गर्ने कुराको दृष्टान्त यो परिच्छेदमा व्यक्त भएको छ। विदेशीहरूको नियन्त्रणमा नेपाली राजनीति गर्नेहरू नेताहरू कसरी जकडिएका छन् भन्ने कुरा यो परिच्छेदमा आएको छ। डम्बरध्वजको सम्बन्ध अन्य परिच्छेदसँग नभएको हुनाले उसलाई प्रस्तुत उपन्यासमा सहायक पात्रको रूपमा राख्न सकिन्छ।

**झ) पिताम्बरजी**

उपन्यासको बाह्रौं परिच्छेदमा पिताम्बरजीलाई प्रस्तुत गरिएको छ। पिताम्बरजीलाई सरकारी कर्मचारीको रूपमा व्यक्त गरिएको छ। उनी अधिकृत तहको जागिरबाट छिरेर सचिव तहको जागिरबाट अवकाश पाएका व्यक्ति हुन्। अधिकृत तहबाट सचिव तहसम्ममा जागिर खाने क्रममा उनले गरेका कुकार्यहरूको पर्दाफास यस परिच्छेदमा गरिएको छ। जीवनभर आफूले गरेका कुकार्यले गर्दा अवकाश पछिको जीवन तनावग्रस्त भएको हुनाले त्यो तनावलाई शान्त पार्न

ग्रहशान्ति गरी माग्न उनी पनि ज्योतिषिकोमा आइपुगेका पात्र देखिन्छन् । उनको भूमिका अन्य परिच्छेदहरूसँग सम्बन्धित नभएको कारणले पिताम्बरजीलाई सहायक पात्रको रूपमा हेर्न सकिन्छ ।

**ञ) तिवारीजी**

प्रस्तुत उपन्यासले हरेक परिच्छेदमा नयाँ घटनावलीलाई प्रस्तुत गर्दै समाजभित्र लुकेका कुकार्यहरूको पर्दाफास गरेको छ । तेह्रौं परिच्छेदमा तिवारीजीको माध्यमबाट अर्को शृङ्खलालाई अगाडि सारेको छ । तिवारीजीको जागिर लमजुङमा प्रौढ शिक्षा पढाउने कार्यबाट प्रारम्भ भएको छ । प्रौढ शिक्षा पढाउने क्रममा तिवारीजीले लमजुङमा स्थानीय महिलाहरूसँग अनैतिक सम्बन्ध कायम गरी तिनीहरूलाई ब्ल्याकमेलिङ गरेर ठुलो धनराशि संकलन गरेको देखिन्छ । पछि तिनै तिवारीजीले सोही प्रवृत्तिको घटना पोखरामा घटाएर त्यहाँबाट पनि करोडौं रकम सङ्कलन गरी काठमाडौँ प्रवेश गरेर बिहेबारी गरी नयाँ घरजम गरेको देखिन्छ । तिवारीजीले सुरुमा लमजुङमा बनाएकी प्रेमिकाले प्रेमको नमुना देखाए पनि तिवारीले प्रेमलाई लत्याएर जीवनभर माया रूपी जालमा फस्दै नयाँ नयाँ महिलाहरूसँग सम्बन्ध बनाउँदै प्रेमलाई तिलाञ्जली दिएको देखिन्छ तर उनकी सुरुकी प्रेमिकाले प्रेममा त्याग गरेकी छिन् । प्रेमको असल नमुना प्रस्तुत गरेकी छिन् । उनी जीवनभर अविवाहित रहेर बसेकी देखिन्छन् । अन्तिममा उनीहरूको भेट पशुपतिमा भएको छ । त्यो भेटबाट पनि तिवारीजी पीडित देखिन्छन् । विभिन्न कुकार्यबाट अथाह पैसा कमाएर सेयर बजारको लगानीकर्ता बनेपनि जीवनको उत्तरार्धचरणमा ऊ पनि पश्चातापको ज्वालामा जलेपछि त्यो ज्वालालाई शान्त गराउन ज्योतिषिबाबाकोमा ग्रहशान्ति गर्न पुगेको देखिन्छ । तिवारीजीको पनि अन्य परिच्छेदमा भूमिका नभएको हुनाले तिवारीजीलाई सहायक पात्रको रूपमा राख्न सकिन्छ ।

**ट) प्रोफेसर**

उपन्यासको चौधौँ परिच्छेदमा प्रोफेसरलाई मुख्य पात्र बनाइएको छ । यो परिच्छेदको मुख्य पात्र प्रोफेसर भएतापनि समग्र उपन्यासमा भने ऊ सहायक पात्रको रूपमा देखापर्दछ । उसको भूमिका यो परिच्छेद भन्दा बाहिर रहेको छैन । उसले क्याम्पसमा पढाउने सिलसिलामा विद्यार्थीहरूमा आर्थिक शोषण, यौन शोषण, दुराचार लगायतका विकृतिजन्य कार्य गरेको छ । ऊ राजदूत बनेर विदेश जाँदा समेत महिलाहरू माथि शोषण गरेको छ । जीवनको उत्तरार्ध चरणमा उसको परिवार निको नहुने रोगबाट जकडिएको समेत छ । यी सबै कारणबाट अवकाश पछिको जीवनमा पश्चातापको ज्वालामा जकडिएको छ, जलेको छ । त्यही ज्वारभाटा शान्त गराउन ग्रहशान्ति गर्ने उद्देश्य राखेर ज्योतिषिबाबाकोमा पुगेर याचना गरेको छ । प्रोफेसर पात्रलाई अगाडि सारेर उपन्यासकारले शैक्षिक क्षेत्रभित्रको विकृतिलाई आम मानिसको बीचमा प्रस्तुत गरेको देखिन्छ। यो पर्दाफासको कार्यबाट अबका दिनमा यस्ता प्रकृतिका कुकार्य गरिनु हुँदैन भन्ने सन्देश पनि पात्रको माध्यमबाट दिन खोजिएको छ ।

**ठ) डाक्टर**

उपन्यासको पन्ध्रौं परिच्छेदमा मुख्य पात्रको रूपमा डाक्टरलाई खडा गरिएको छ । डाक्टरको माध्यमबाट औषधि व्यवसाय तथा अस्पताल क्षेत्रका विकृति विसङ्गतिहरूलाई प्रस्फुटिकरण गरिएको छ । अस्पतालका नाममा गरिब जनताहरू कसरी लुटिएका छन् । डाक्टरहरूले रोगीमाथि गरेका शोषणका नमुनाहरू यस परिच्छेदमा आएका छन् । डाक्टरको सम्बन्ध उपन्यासमा अन्य परिच्छेदमा कहीँ पनि अन्यत्र आएको छैन । घटनावलीमा आधारित हरेक परिच्छेदमा नयाँ पात्रहरू आए जस्तै डाक्टर पात्र यो परिच्छेदमा आएको हो समग्र उपन्यासमा डाक्टर पात्रको भूमिका सहायक पात्रको रूपमा रहेको देखिन्छ ।

यसरी उपन्यासमा आएका सहायक पात्रहरू वकिल, पूर्व न्यायाधीश, साहुजी, महिला, विक्रम, सेवाग्राही, डम्बरध्वज, पिताम्बरजी, तिवारीजी, प्रोफेसर, डाक्टर लगायतका पात्रहरूले समाजलाई असर गर्ने मानव जातिलाई हानि पुग्ने अपराधिक कार्य गरी अथाह सम्पत्ति आर्जन गरेको देखिन्छ तर उपन्यासमा आएकी सहायक पात्र सरलाले भने त्यस्तो

कुनै कुकार्य नगरेको सामान्य जिन्दगी जिएको आफ्ना सासूससुरा, श्रीमानका सुखदुखमा साथ दिएको उपन्यासमा देखिन्छ तर उनीमाथि चरम आर्थिक अभाव भएको कारण उनले मिटर ब्याजीको शरणमा पुगेको तर समस्या झन् थपिएर आफ्नो पतिलाई जेल बस्नुपर्ने अवस्था देख्नुपरेको अवस्था उपन्यासमा आएको छ। सबै सहायक पात्रहरूको भूमिका एक परिच्छेदमा सीमित रहेको तर त्यो परिच्छेदमा महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ।

**गौण पात्र**

गौणपात्र भन्नाले उपन्यासमा आएका, कथानकलाई अगाडि बढाउन सहयोग गरेका तर भूमिका एकदमै थोरै भएका पात्रलाई बुझिन्छ। पर्दा भित्र उपन्यासमा पनि यस प्रकारका केही गौण पात्र रहेका छन्। गौण पात्रलाई पनि सामान्य गौण र अतिगौण गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ। यस उपन्यासमा आएका गौण पात्रहरूमा सुन्दर लावती, वसन्तेका बा, बसको कन्डक्टर, खनाल अङ्कलको छोरा, बोसबाबा, भान्से आन्टी तुङ्गनाथ उपाध्याय न्यौपाने प्रहरीहरू जाजरकोटका बाजेहरू लगायतका पात्रहरू रहेका छन् केही पात्र प्रत्यक्ष उपस्थित नभएर सूची पात्रको रूपमा पनि रहेका देखिन्छन्। गौण पात्रलाई सामान्य गौण पात्र र अति गौणपात्रको रूपमा यसरी हेर्न सकिन्छ :

**सामान्य गौण पात्र**

यस उपन्यासमा आएका सामान्य गौण पात्रहरूमा मुख्य रूपमा सुन्दर लावती रहेको देखिन्छ। सुन्दर लावतीले यस उपन्यासको मुख्य पात्र वसन्तेलाई झापामा भेटी काठमाडौँसम्म एउटै बसमा यात्रा गरी काठमाडौँका बारेमा र खनाल अङ्कलका बारेमा व्यापक जानकारी गराएको छ। सुन्दर लावतीले काठमाडौँ र खनाल अङ्कलको बारेमा दिएको जानकारीले वसन्तेलाई मनोवैज्ञानिक रूपमा काठमाडौँमा समस्यामा पर्दिँदैन भन्ने कुरा सांकेतिक रूपमा जानकारी मिलेको छ। सुन्दर लावतीले वसन्तेलाई पाँच सय रूपैयाँ सहयोग गरेको पनि देखिएको छ। सुन्दर लावतीको भूमिका उपन्यासमा जति आएको छ त्यो कथानकलाई अगाडि बढाउन प्रभावकारी देखिएको छ। तुङ्गनाथ उपाध्याय न्यौपाने उपन्यासको अन्तिम खण्डमा सूच्य पात्रको रूपमा प्रस्तुत भएका छन्। उनी सिँजा भ्यालीका स्थानीय बासिन्दा र समाजसेवी एवं विद्वान्को रूपमा परिचय बनाउन सफल व्यक्तित्वको रूपमा उपन्यासमा व्यक्त भएका छन्। उनले ज्योतिषिबाबा हरिनारायणलाई वास्तविक धार्मिक व्यक्तित्व एवं विद्वानको रूपमा सम्झना गरी सही काममा लाग्न अझै हौसला प्रदान गर्ने मनसायले सम्मान पत्र समेत पठाएका छन्। उनको आशय नेपाली भाषा, नेपाली संस्कृतिको संरक्षण गरी समग्र नेपालको विकास गरिनुपर्छ र यहाँ सबै जातजाति, भाषाभाषी- समुदायहरूले समान हिसाबले विकास गर्ने अवसर पाउनुपर्छ भन्ने रहेको देखिन्छ। यसरी सामान्य गौण पात्रमाथि अध्ययन गर्दा प्रत्यक्ष सामान्य गौण पात्रको रूपमा सुन्दर लावती र सूच्य सामान्य गणपात्रको रूपमा तुङ्गनाथ उपाध्याय न्यौपाने रहेको देखिन्छन्।

**अति गौण पात्र**

उपन्यासको कथानकलाई अगाडि बढाउन मसला छर्ने काम गर्न अति गौण पात्रहरू उपस्थित भएका देखिन्छन्। यसरी यस उपन्यासमा अति गौण पात्रको भूमिका निर्वाह गर्नेहरूमा वसन्तेका बा, बसको कन्डक्टर, खनाल अङ्कलको छोरा, बोसबाबा, भान्से आन्टी, प्रहरीहरू एवं जाजरकोटका बाजेहरू रहेका देखिन्छन्। यिनीहरूको भूमिका उपन्यासमा सामान्य रहेको देखिन्छ। यस प्रकारका अति गौण पात्रहरूले मुख्य कथानकलाई अगाडि बढाउन सहयोगी भूमिका निर्वाह गरेका छन्। यसरी प्रस्तुत उपन्यासमा आएका गौण पात्रहरूको भूमिका धेरथोर रहेको देखिन्छ। यी भूमिकाले उपन्यासको कथानक सरसर्ती अगाडि बढेको छ त्यसो भएको हुँदा यिनीहरूको भूमिका पनि उपन्यासमा महत्त्वपूर्ण देखिन्छ।

**४.निष्कर्ष**

यसरी हेर्दा प्रस्तुत उपन्यासमा पात्रहरूको संयोजन उत्कृष्ट ढङ्गबाट गरिएको देखिन्छ। यहाँ तिनै प्रकारका पात्रहरूको माध्यमबाट कथानक अगाडि बढेको पाइन्छ। मुख्य पात्रहरूमा पनि मुख्य भूमिका वसन्तेको रहेको छ। त्यसपश्चात ज्योतिषिबाबाको रहेको छ अनि ज्योतिषिआमाको रहेको छ र त्यसपश्चात खनाल अङ्कलको भूमिका रहेको

छ। यसरी यी चार पात्रको माध्यमबाट कथानकले मुख्य गन्तव्यसम्म पुग्ने संयोग जुराएको छ। यसैगरी सहायक पात्रहरूमा चौथो परिच्छेददेखि पन्ध्रौँ परिच्छेदसम्म आएका पात्रहरू वकिल, पूर्व न्यायाधीश, साहुजी, महिला, सरला, विक्रम, सेवाग्राही, डम्बरध्वज, पिताम्बरजी, तिवारीजी, प्रोफेसर, डाक्टर लगायतका पात्रहरू रहेका छन्। अति गौण पात्रको रूपमा सुन्दर लावती, तुङ्गनाथ उपाध्याय लगायतका पात्रहरू रहेका छन्। यी सबै पात्रहरूको संयोजनबाट *पर्दाभित्र...* उपन्यास पात्रविधानका दृष्टिकोणबाट उत्कृष्ट उपन्यास रहेको ठहरिन्छ। यो उपन्यासले हाम्रो समाजमा स्वस्थ, शिक्षित, सक्षम युवा पुस्ता पनि रहेका छन् तर तिनीहरू यो समाज बदल्नलाई सक्रिय रूपले अगाडि निक्ली नसकेको अवस्था भएको कारणले वसन्तेको माध्यमबाट ती समस्त युवाहरूलाई देशको चौतर्फी विकास गर्न, संस्कृतिको संरक्षण गर्न र नेपाली पहिचानलाई सुदृढ बनाउन अगाडि आउन आह्वान गरिएको छ र युवाहरू पनि अब देश विकासमा लाग्न प्रतिज्ञा गरी अगाडि बढ्न तयार भएका छन्।

**सन्दर्भसामग्री सूची**


बराल, कृष्णहरि र एटम,नेत्र (२०५६) *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन।

भेटवाल, गङ्गाप्रसाद ( २०८०), *पर्दाभित्र...,* काठमाडौँ : अनुसन्धान विमर्श नेपाल।

भेटवाल, गङ्गाप्रसाद ( २०७५), *लीलबहादुर क्षेत्रीका उपन्यासमा पात्रविधान* त्रिभुवन विश्वविद्यालय कीर्तिपुर एमफिल शोधप्रबन्ध (अप्रकाशित), काठमाडौँ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्रप्रसाद (२०६६), *शोधविधि,* चौथो संस्क., ललितपुर : साझा प्रकाशन।


**Email : hariprasad@bhaleshwormavi.edu.np**